प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# भैंसी सम्बद्ध व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७५

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा भैंसी सम्बद्ध व्यवसाय प्रवर्द्धन गर्न बजेटको व्यवस्था भएकोले भैंसीपालन व्यावसायमा युवाहरुलाई आकर्षित गरी विदेश पलायन हुने क्रम घटाउने, मासु र दूधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र आयआर्जन बढाउन आवश्यक भएकाले मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"भैंसी सम्बद्ध व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले भैंसी सम्बद्ध व्यवसाय प्रवर्द्धन एवं प्रभावकारिता मूल्याङ्कन सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) **"प्रदेश"** भन्नाले प्रदेश नम्वर तीन सम्झनु पर्छ ।

(ङ) **"कार्ययोजना"** भन्नाले मासु र दुधको उत्पादन वढाउन व्यावसायिक रुपमा भैंसीपालन गर्न तयार गरिएको कार्ययोजना सम्झनु पर्छ ।

(च) **"भौतिक पुर्वाधार"** भन्नाले भैंसीपालन गर्न आवश्यक पर्ने भवन, बिजुली, पानी, सडक तथा औजारहरु सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(झ) **"विषय विज्ञ"** भन्नाले व्यावसायिक भैंसीपालन सम्बधी विषयगत ज्ञान भएको सरकारी वा गैह्रसरकारी सरोकारवाला प्राविधिक कर्मचारी वा वैज्ञानिक व्यक्तित्व सम्झनु पर्छ ।

(ञ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका /नगरपालिका /उप महानगरपालिका /महानगरपालिका सम्झनु पर्छ ।

(ट) **"विपन्न सदस्य"** भन्नाले सम्बन्धित समूहको माग बमोजिम सम्बन्धित स्थानीय तहले विपन्न हो भनि सिफारिस गरेको सदस्य सम्झनु पर्छ ।

(ठ) **"साझेदार समूह"** भन्नाले भैंसीपालक कृषक समूह सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) व्यावसायीक भैंसी प्रवर्द्धनको माध्यमबाट मासु र दूध उत्पादन वृद्धि गर्ने,

(ख) देशको जनशक्ति विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने,

(ग) आय आर्जन वृद्धि गर्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद-२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतका लागि सिफारीस गर्न कार्यालयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिमा मन्त्रालयको एक जना विज्ञ अधिकृत प्रतिनिधी अनिवार्य राख्नु पर्नेछ ।

(३) प्रचलित कानुनमा व्यवस्था भए बमोजिम अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कनका आधारहरु तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतका लागि कार्यलयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरुको तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतका लागि कार्यलयमा पेश गर्ने ।

५. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ अनुसारको मूल्याङ्कन समिति, निर्देशनालय र कार्यालयले आवश्कताका आधारमा गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

२) यस कार्यक्रमको अनुगमन सम्वन्धित प्रदेश सभा सदस्य र जिल्ला समन्वय समिति समेतले गर्न सक्नेछ ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **कार्यक्रम सञ्चालन प्रक्रियाः** भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनका लागि अनुसूची-१ बमोजिम मन्त्रालयबाट सूचना प्रकाशन गरिने छ ।

(ख) यस आर्थिक वर्ष २०७५/०७६मा यो कार्यक्रम चार जिल्लामा सञ्चालन गरिने छ।

(ग) यो कार्यक्रम समूहमा आवद्ध सदस्यहरुसँगको लागत साझेदारीमा सञ्चालन गरिने छ। प्रत्येक समूहमा दश जना सदस्य रहने छन् र समूह सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्दछ।

(घ) व्यवसायिक भैंसीपालनका लागि संभाव्य भित्री-मधेश र मध्य-पहाडी क्षेत्रका कृत्रिम गर्भाधान र पशु आहारा विकास भएका आधारमा स्थान र समूह छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) समूहका प्रत्येक सदस्यले कम्तिमा दुईवटा दुहुना भैंसीपालन गर्ने भनी तयार गरिएको छुट्टाछुट्टै प्रस्ताव समूह मार्फत पेश गर्नु पर्नेछ र भैंसीको बीमा गराएको हुनु पर्नेछ।

(च) समूहका सदस्यहरुले समूह मार्फत अनुसूची-३ बमोजिम आवेदन गर्दा सम्बन्धित स्थानीय तह एवं दुग्ध उत्पादक सहकारी संस्थाको सिफारिस-पत्र र अनुसूची-४ बमोजिम प्रस्तावित कार्ययोजना तयार गरी कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ ।

(छ) दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-५ बमोजिम मूल्याङ्कनका आधार तथा मापदण्ड अनुसार प्रस्तावहरु मूल्याङ्कन गरी समूहले प्राप्त गरेको प्राप्ताङ्कलाई सिल्सिलेवार क्रममा कम्पाईल गरी स्वीकृतका लागि कार्यालयमा पेश गर्नेछ ।

(ज) प्रस्ताव छनौट भएका साझेदार समूहका सदस्यलाई कार्यालयले सात दिनभित्र जानकारी गराउनु पर्नेछ ।

७. **सम्झौताः**

(क) प्रस्ताव स्वीकृत भएका साझेदार समूहका सदस्यहरुले जानकारी दिएको मितिले पन्ध्र दिनभित्र कार्यालयसँग अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(ख) उपदफा (क) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार समूहसँग सम्झौता गर्न सकिने छ।

(ग) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन।

(घ) उपदफा (ख) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-४
## आर्थिक पक्ष

८. अनुदान रकमको तीन प्रतिशत कन्टेन्जेन्सी स्वरुप कट्टा गरिनेछ । कार्यालयले उक्त रकम भ्रमण खर्च, बैठक भत्ता तथा अन्य प्रशासनिक कार्यको लागि खर्च गर्नेछ ।

९. साझेदार समूहका सदस्यले प्राप्त गर्ने अनुदान रकम तथा स्वलगानी विवरणः

(रकम रु. हजारमा)

| क्र.सं. | कार्यक्रम | अनुदान | स्वलगानी | जम्मा |
|---|---|---|---|---|
| १ | गोठ निर्माण(गोठ निर्माण/सुधार गर्दा भुईं पक्की, नाली बनाई मुत्र सङ्कलन, १० फिट पर कच्ची गोबर पिट, घाँस राख्ने ठाँउ समेत निर्माण भएको हुनुपर्नेछ) | ८० | २० | १०० |
| २ | घाँसखेती व्यवस्थापन (कम्तीमा प्रति सदस्य एक कठ्ठाका | २५ | ६.२५ | ३१.२५ |

| | | | | |
|---|---|---|---|---|
| | दरले विकासे घाँस खेती गरेको हुनु पर्नेछ। | | | |
| ३ | पानी ट्याङ्की, ह्विल ब्यारो, चौडाकार सावेल, पाईप खरिद, मिल्क क्यान खरिद | ४० | १० | |
| ४ | सरसफाई व्यवस्थापन गर्ने सेट(गम्बुट, रवर ग्लोव, एप्रोन, गोवर उठाउने प्यान,टिट डिपिङ्ग किट, ग्रुमिङ ब्रस) | २५ | ६.२५ | ३१.२५ |
| ५ | दुहुनो भैंसी खरिद | ७० | १७.५ | ८७.५ |
| ६ | ढुवानी बापत अधिकतम अनुदान | २० | | २० |
| ७ | जम्मा | २६० | ६० | ३२० |

१०. अनुदान रकम प्राप्त गर्न साझेदार समूहका सदस्यहरुले कार्यालयमा विल/भर्पाई पेश गर्नु पर्नेछ र साझेदार समूहका सदस्यहरुलाई कार्यालयले अनुदान रकम बढीमा दुई किस्तामा बैंक खातामा भुक्तानी दिनेछ ।

११. **प्रगति पठाउने प्रकृया:** (१) भैंसी प्रवर्द्धन कार्यक्रमको अनुदान प्राप्त गर्ने साझेदार समूहले मासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१२. **विशेष प्राथमिकता:** (१) यस कार्यक्रम विपन्न सदस्य, पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई सञ्चालन गरिने छ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनासँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

१३. **कारबाहीको व्यवस्था:** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार समूहलाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार समूहले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिने छ।

१४. **संशोधन:** यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउन सक्नेछ ।

१५. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची-१

### (दफा ६ उपदफा (क)सँग सम्बन्धित)

### प्रस्ताव आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः ................

आर्थिक वर्ष ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम(भैंसी सम्बद्ध व्यावसाय प्रवर्द्धन) समूहमा आवद्ध सदस्यसँगको लागत साझेदारीमा सञ्चालन गरिने हुँदा इच्छुक भैंसीपालक कृषक समूहबाट तोकिएको ढाँचामा आवेदन-पत्र साथ सम्बन्धित दुग्ध उत्पादक सहकारी संस्था र स्थानीय तहले दिएको सिफारिस-पत्र एवं समूह सदस्य समेतको कार्ययोजना तयार गरी तपशिल अनुसारका कागजात साथ यो सूचना प्रथम पटक प्रकाशित मितिले पन्ध्र दिनभित्र कार्यालयमा निवेदन दर्ता गर्नुहुन प्रस्ताव आह्वान गरिएको छ । पुनश्चः विपन्न वर्गलाई विशेष ग्राह्यता दिइने छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

१. रुपैयाँ दशको हुलाक टिकट टाँस गरी समूहको आवेदन-पत्र,
२. समूह सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी,
३. प्रत्येक सदस्यबाट प्रस्तावित संक्षिप्त कार्ययोजना,
४. अन्य प्रमाणित प्रमाण-पत्रहरु(तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता-पत्र आदि)को प्रतिलिपीहरु,
५. कार्यक्रम कार्यान्वयन गर्ने स्थलको फोटो

## अनुसूची-२

(दफा ७ उपदफा (घ)सँग सम्बन्धित)

**पुनः प्रस्ताव आह्वान गरिएको सूचना**

दोश्रो पटक प्रकाशित मितिः ....................

आर्थिक वर्ष ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम(भैंसी सम्बद्ध व्यावसाय प्रवर्द्धन) समूहमा आवद्ध सदस्यसँगको लागत साझेदारीमा सञ्चालन गर्न प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव प्राप्त वा आवश्यक संख्यामा प्रस्ताव नपरी वा समयभित्र सम्झौता गर्न नआईएको र दोश्रो प्राथमिकतामा प्राप्त साझेदार समूहको संख्या समेत नरहेको हुँदा यस कार्यक्रममा सहभागी हुन इच्छुक समूहले यो दोश्रो पटक प्रकाशित सूचनाको मितिले सातौं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी तोकिएको ढाँचामा आवेदन-पत्र साथ सम्बन्धित दुग्ध उत्पादक सहकारी संस्था र स्थानीय तहले दिएको सिफारिस-पत्र एवं समूह सदस्य समेतको कार्ययोजना तयार गरी तपशिल अनुसारका कागजात सम्बन्धित कार्यालयमा कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन पुनः प्रस्ताव आव्हान गरिन्छ । पुनश्चः विपन्न वर्गलाई विशेष ग्राह्यता दिइने छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

१. रुपैयाँ दशको हुलाक टिकट टाँस गरी समूहको आवेदन-पत्र(अनुसूची-३ अनुसार),
२. समूह सम्बन्धित निकाय वा स्थानीय तहमा दर्ता भएको प्रमाणको प्रतिलिपी,
३. प्रत्येक सदस्यबाट प्रस्तावित संक्षिप्त कार्ययोजना(अनसूची-४ अनुसार),
४. अन्य प्रमाणित प्रमाण-पत्रहरु(तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता-पत्र आदि)को प्रतिलिपीहरु,
५. कार्यक्रम कार्यान्वयन गर्ने स्थलको फोटो ।

### अनुसूची-३
(दफा ६ उपदफा (च)सँग सम्बन्धित)

**समूहको आवेदन-पत्र**

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मितिः ... ... ... ...

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
.............. ।

विषयः- ...........................................

महोदय,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ... ... ... ... मा प्रकाशन गरेको सूचना अनुसारको भैंसी सम्बद्ध व्यावसाय प्रवर्द्धन कार्यक्रममा लागत साझेदारी गर्ने हाम्रो समूहको निर्णय भएको हुँदा तपशिल अनुसारका कागजात संलग्न गरी निवेदन गरिएको छ । हाम्रो समूहले अनुदान प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्लाभित्रै रही कार्य गर्नेछौं ।

**तपसिलः**

(१) रुपैंयाँ दशको हुलाक टिकट टाँस गरी समूहको आवेदन-पत्र,
(२) समूह सम्बन्धित निकाय वा स्थानीय तहमा दर्ता भएको प्रमाणको प्रतिलिपी,
(३) प्रत्येक सदस्यबाट प्रस्तावित संक्षिप्त कार्ययोजना,
(४) अन्य प्रमाणित प्रमाण-पत्रहरु(तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता-पत्र आदि)को प्रतिलिपीहरु,
(५) कार्यक्रम कार्यान्वयन गर्ने स्थलको फोटो ।

**समूह अध्यक्षको**
नामः
दस्तखतः
समूहको नामः
ठेगानाः
समूहको छापः

अनुसूची-४

(दफा ६ उपदफा (च)सँग सम्बन्धित)

## समूह सदस्यबाट प्रस्तावित संक्षिप्त व्यवसायिक कार्ययोजना

समूह सदस्यको नामः ... ... ... सम्पर्क नं. ... ... सदस्यले भैंसी पालन गर्ने स्थानः ... ...

समूहको नाम र ठेगानाः ... ... ... ... ... ... ... ... ...

(१) भैंसीपालन व्यावसायमा सञ्चालन गरिने कार्य विवरणः (रकम रु. हजारमा)

| क्र.सं. | कार्यक्रम | अनुदान | स्वलगानी | जम्मा |
|---|---|---|---|---|
| १ | गोठ निर्माण(गोठ निर्माण/सुधार गर्दा भुईं पक्की, नाली बनाई मुत्र सङ्कलन, १० फिट पर कच्ची गोबर पिट, घाँस राख्ने ठाँउ समेत निर्माण भएको हुनुपर्नेछ) | | | |
| २ | घाँसखेती व्यवस्थापन (कम्तीमा प्रति सदस्य एक कठ्ठाका दरले विकासे घाँस खेती गरेको हुनु पर्नेछ) | | | |
| ३ | पानी ट्याङ्की, ह्विल ब्यारो, चौडाकार सावेल, पाईप खरिद, मिल्क क्यान खरिद | | | |
| ४ | सरसफाई व्यवस्थापन गर्ने सेट(गम्बुट, रवर ग्लोव, एप्रोन, गोवर उठाउने प्यान,टिट डिपिङ्ग किट, ग्रुमिङ ब्रस) | | | |
| ५ | दुहुनो भैंसी खरिद | | | |
| ६ | ढुवानी बापत अधिकतम अनुदान | | | |
| | जम्मा | | | |

(२) भैंसीपालन व्यवसायिक कार्य गर्ने व्यवसायीले उल्लेखित अनुदान अनुसारको रकम प्रस्तावित कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

(३) भैंसीपालन गरेको भए, विगत कति वर्षदेखि भैंसीपालन निरन्तर गरिहेको वा कुन व्यवसाय गरिहेको? वर्ष ... महिना ... भैंसीको जात ... भैंसीको संख्या ... राँगाको संख्या ...

(४) व्यवसायको संक्षिप्त परिचय वा भैंसीपालन पद्धतीः

(५) घाँस खेती गरेको/गरिने क्षेत्रफल/कति उत्पादन वा बिक्रि वितरण गरेकोः

(६) घाँसको किसिमः ... कहाँबाट ल्याएकोः .... कसलाई बिक्री गरेकोः .......

(७) डाले घाँसको किसिम र संख्याः ..........

(८) व्यवसायको लागि श्रमको व्यवस्थापनः

(क) पारिवारिकः महिला संख्याः ....... पुरुष संख्याः .......

(ख) बाहिरबाट महिला संख्याः ........... पुरुष संख्याः ...........

(ग) जम्माः .............. महिला संख्याः ...........पुरुष संख्याः ...........

(९) उत्पादित वस्तुको बजारः

(१०) अपेक्षित वार्षिक प्रतिफलः

**समूह सदस्यको तर्फबाट सही गर्नेकोः**

नामः

पदः

दस्तखत र मितिः

औंठाको छापः

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -५
### (दफा ६ उपदफा (छ)सँग सम्बन्धित)
### <u>साझेदार समूह छनौट गर्दा अपनाईने मुल्याङ्कनका आधारहरु</u>

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना | समूहमा सामाजिक तथा आर्थिक समावेशिता प्रतिशत | | | व्यवसायको सम्भाव्यता / उपयुक्तता | दुध बिक्रीको प्रमाण | भैंसी पालेको अनुभव प्रतिशत | | घाँस विकास गरेको वा गरिने जग्गाको क्षेत्रफल | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ८० भन्दा माथि | ५० देखि ७९.९ सम्म | ५० भन्दा कम | | | ६० वा सो भन्दा माथि | ६० भन्दा कम | | |
| | | | | २० | २५ | २० | १५ | १५ | १५ | ५ | ३ | २० | १०० |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |